# प्रभु ईशुमा साबित् हुने भक्तहरु अब कसरी जिउने ?

**Fr. Steven Scherrer, MM, ThD**
www.DailyBiblicalSermons.com

Homily of the 30th Sunday of the Year, October 29, 2017
Exodus 22:20-26; Psalm 17; 1 Thessalonians 1:5-10; Matthew 22:34-40
Scripture quotations are from the Revised Standard Version unless otherwise noted.

" उहाँले सादुकीहरुलाई चुप बनाइदिनुभयो भन्ने कुरा सुनेर फारिसीहरु भेला भए । उनीहरुमध्ये एकजना विधानका पण्डितले उहाँको पारख गर्न प्रश्न गरचो, गुरुज्यू, विधानमा सबैभन्दा ठूलो आज्ञा कुनचाहिँ हो ? उहाँले उसलाई भन्नुभयो, तिमी तिम्रा प्रभु परमेश्वरलाई प्रेम गर्नेछौ, सम्पूर्ण हृदयले, सर्म्पूण आत्माले, सम्पूर्ण मनले । यही नै सबैभन्दा ठूलो र पहिलो आज्ञा हो । दोस्रो पनि यस्तै छ, तिमी आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नेछौं । यिनै दुई आज्ञाहरुमा जम्मै विधान र प्रवक्ताहरुका कुरा निर्भर छन् । " (मत्ति २२:३५-४०)

खीस्तीय जीवन बास्तवमा के हो ? गत हप्ताहरुमा सन्त पौलले रोमीहरुलाई लेख्नुभएको पत्र हामीले प्रचार प्रसार गरीसकेका छौ । सन्त पौलले मुक्तिको सन्देशलाई महत्वपूर्ण दिनुभएको छ । सन्त पौल भन्नुहुन्छ कर्मले मुक्ति होइन तर विश्वासले । सन्त पौलको बचनलाई कसरी यथार्थ बनाउने कुरा कामले मुक्ति प्राप्त हुँदैन तर विश्वासले मात्र मुक्ति प्राप्त हुनेछ । जब हामी खीस्त ईशुको मुक्तिमा साबित् हुँदैन किनकि खीस्तमा विश्वास गर्नेले परमेश्वर र छिमेकीलाई प्रेम गर्नुपर्छ ।

जब सहि प्रश्न सोध्छौं, अब विश्वासले हामी खीस्तका भएका हुन्छौं, कामले होइन र बाँकी जीवन कसरी जिउने ? यसको जवाफ यसरी हुनेछ, परमेश्वरलाई सम्पूर्ण हृदयले, सम्पूर्ण मनले र सम्पूर्ण आत्माले प्रेम गर्नु पर्नेछ अनि अनि आफ्ना छिमेकीलाई आफू जस्तै

प्रेम गर्नु पर्नेछ । यसरी प्रेम गर्नाले हामीलाई पवित्र वा सुद्ध बनाइन्छ । पवित्रताको कृपाले हामीलाई परमेश्वरले दिनुभएको दश आज्ञाहरुको पालन गर्न अनुग्रह मिल्नेछ अनि कृपाको जीवन जिउन पाउनेछौं ।

याद राखौं कि विश्वासले मात्र मुक्ति पाइन्छ भने अनि जीवन भर काम नगरी वा अनैतिक कार्यकमा जिउनु होइन । हरेक दिन विश्वास काममा प्रकट गर्न आवश्यक हुन्छ । पाप र परीक्षा मानिसको जीवनमा निरन्तर आई नै रहन्छ । खराब सोंचले हामीलाई अपवित्र पार्छ अनि परमेश्वरदेखि टाढा राख्छ । हाम्रै पापहरुले गर्दा परमेश्वरलाई घात गर्छौं त्यसकारण उहाँसग मिलाप गर्न परमेश्वरले हामीलाई पवित्र बन्न निमन्त्रण गर्नुहुन्छ । आफ्ना पापहरुको पश्चताप गरी प्रभु ईशूमा आउन अति आवश्यक हुन्छ (जोहन २०:२२-२३) ख्रीस्तको मृत्यू अनि पुनःरुत्थानमा विश्वास गरी ख्रीस्तीय जीवनको यात्रा असल बनाएर लानुपर्छ, विश्वास, नैतिक जीवन र असल कार्यमा अघि बढ्दै असल फल फलाउँदै जानुपर्छ । यी असल कार्यहरु मध्ये परमेश्वरलाई पूर्णरुपले प्रेम गर्नुपर्छ । छिमेकीलाई पनि आफू जस्तै प्रेम गर्नुपर्नेछ । प्रेम त असल कर्म जस्तो देखिन्दैन तर यो त विश्वासको कुरा हो । विश्वास गर्नेले आफ्नो जीवनमा विश्वासको फल देखाउँछ । जसले पूर्णरुपले परमेश्वर र छिमेकीलाई प्रेम गर्छ उसले फरक र असल तरीकाले जीवन बिताउछ । उसले आफ्नो जीवनमा परमेश्वरको वडदान्‌हरुमा आनन्द अनुभव गरिरहन्छ । प्रभु ईशुले भन्नुहुन्छ एकजना सेवकले दुई मालिकको सेवा दिन सक्दैन, एउटालाई प्रेम गर्छ अनि अर्कोलाई घृणा गर्छ (मक्तिः ६:२४) ख्रीस्त विश्वासी भएर हामी एउटै परमेश्वरलाई प्रेम गर्नुपर्छ । संसारिक मायाले

आनन्द आत्मिक आनन्द कहिले पनि ल्याउँदैन, त्यसकारण नम्र र सरल जीवन जिउनाले प्रभुको अनुयायी बन्नेछौ । संसारिक सबै वस्तुहरुलाई टाडा राखेर सरल जीवन र शुद्ध खान पान प्रयोग गरि पवित्र जीवन जिउन अत्ति आवश्यक हुन्छ किनभने यसले मानिसको जीवनमा सोचविचारमा परिवर्तन ल्याउँछ अनि अरुलाई पनि ईश-राज्यमा पुराउन कृपा मिल्नेछ ।

यदि हाम्रो हृदयग्लानी भएको छ भने परमेश्वरलाई कहिले पनि प्रेम गर्न सक्दैन । परमेश्वरले दिनुभएको महान आज्ञाहरु पालन गर्नाले मात्र हामी उहाँलाई प्रेम गर्न अनि छिमेकीलाई प्रेम गर्न सक्छौ । प्रभुले एकजना मालिको मात्र सेवा गर्न आहवान गर्नुहुन्छ । संसारिक मालिकले कहिले पनि हामीलाई अनन्त जीवन दिन सक्दैन । त्यसकारण परमेश्वरलाई मात्र प्रेम गर्नुपर्छ । कुन मालिकलाई चुन्नुहुन्छ तपाई र मलाई छनौट दिनुभएको छ ।

त्यसकारण प्रभुले एउटै सम्पत्तिमा भर पर्न हामीलाई निमन्त्रण गर्नुहुन्छ त्यो हो ईश-राज्यको सम्पत्ति, संसारको सम्पत्तिलाई किराले नष्ट पार्छ, चोरले लिएर जान्छ । त्यहिँ धनमा सबै ध्यान पनि गइरहन्छ (मत्तिः ६:१९-२१) । सांसारिक आनन्दले ईश्वरीय कृपाहरु आउन दिँदैन अनि मानिसलाई ध्वास्त पार्दै जान्छ । यी अनावश्यक कुराहरुमा चिन्त गरेर परमेश्वरलाई प्रेम गर्न सकिन्दैन । चिन्ता त काँढे झाङ्कहरु जस्तै हुन् किन कि यसले अरु विरुवाहरुलाई पलाउन दिँदैन (लुकाशः ८:१४) । सरल जीवन अत्ति सुन्दर जीवन हो ।

ईश-राज्यमा असल फल फलाउन सांसारिक कुराहरु टाढा राख्नुपर्नेछ। धन सम्पति आर्जन  गर्नाले मानिसको जीवन खराब दिशातिर जान्छ भन्ने कुरा प्रभुले हामीलाई सिकाउनुहुन्छ। स्वर्गको राज्य त खेतमा लुकाएर राखेको एउटा गाडधन जस्तो छ। एउटा मान्छेले त्यो भेटायो र फेरि लकायो र खुशीले गएर आफ्नाभएभरका वस्तुहरु बेची त्यो खेत किन्यो । फेरि स्वर्गका राज्य त असल मोती खोजी हिँडने बेपारी जस्तो छ । उसले बहुमूल्य एउटा मोती भेटायो र गई आफ्नो भएभरको वस्तुहरु बेची त्यो किन्यो (मत्ति:१३:४५) । सरल जीवन जिउन उच्च ठानिन्छ । साँगुरो ढोकाहरुबाट प्रवेश गर्न उत्तम मानिन्छ फराकिलो ढोकाहरुबाट प्रवेश गर्नेहरु नष्ट भएका छन् ख्रीस्तीय जीवन त्यागी जीवन हो -मत्ति:७:१३-१४) । संसारले मानिसलाई कहिले पनि बचाउन सक्दैन आफ्ना ज्यान बचाउन चाहनेले त्यो गुमाउँछः तर मेरो निम्ति आफ्नो ज्यान गुमाउनेले त्यो पाँउछ ( मत्ति:१६:२५)

संसारमा वास्तवमा जसले मोज गरिरहेका छन् उनीहरुले आफ्नो जीवन हराइरहेका छन् । ख्रीस्तीय जीवन सजिलो जीवन होइन किन कि हामी संसारको होइन । प्रभु ईशुले भन्नुभयो, धिक्कार तिमी धनीहरुलाई, तिमीहरुले आफ्नो सान्त्वना पाइसकेका छौ (मत्ति:६:२०-२६) । सरल जीवन जीउनेले परमेश्वरलाई खोज्दछ, सन्त पौलले पनि यहि कुरा दोहोर्याउदछ, तर म ता, हाम्रा प्रभु ईशु ख्रीस्तको क्रूस बाहेक अरु कुरामा गर्व गर्नेछैन । मैले हेर्दा त मेरानिम्ति विश्व क्रुस्याइएको छ, विश्वले हेर्दा म पनि (गलाती:६:१४) । सांसारिक जीवनको अर्थ छैन यस संसारको वा यस संसारमा भएका वस्तुहरुको माया नगर्नुहोस् ।

संसारको माया गर्नेमा पिताको माया रहन्दैन (जोहन:६:१५) । व्यभिचारीहरु हो, यस संसारसँगको मित्रता र परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा थाहा छैन र ? यो संसारको मित्र बन्न चाहने मानिस परमेश्वरको शत्रु बन्दछ (जेम्स:४:४) ।  ईशुले आफ्ना चेलाहरुलाई भन्नुभयो, म तिमीहरुलाई भन्दछु, धनी मानिस स्वर्गराज्यमा मुश्किलले प्रवेश गर्नेछ । म फेरि भन्छु, एउटा धनी मासिलाई ईशराज्यमा प्रवेश गर्नभन्दा ऊँटलाई सियोको नाथ्रीमा छिर्न सहज पर्ला (मत्ति:१९:२३-२४) ।

पवित्र सुसमचारले हामीलाई कसरी दोहोऱ्याउँछ ? असल जीवन र पवित्र जीवन विश्वासीलो जीवन र कर्मबाट सुरु हुन्छ । परमेश्वरले सृजना गर्नुभएको सृष्टिहरुमा अनुभव गरी सम्पूर्ण हृदय, सम्पूर्ण मन र सम्पूर्ण आत्माले परमेश्वरलाई अनि उहाँका सन्तान हाम्रा छिमेकीहरुलाई आफै जस्तै प्रेम गर्नुपर्नेछ ।

आमेन् ।